आज मिति २०८०/०५/०४ गतेका दिन यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष एवम् स्थानिय विपद व्यवस्थापन समितिका संयोजक श्री रिङजीन नामगेल गुरुङ ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका उपस्थितिहरुमा बैठक बसी निम्न बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति:</u>

अध्यक्ष,श्री रिङजीन नामगेल गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा संयोजक

उपाध्यक्ष,श्री ढिकि गुरुङ, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

प्रमुख प्रशासकीय अधिकृत, श्री होम बहादुर थापा मगर,वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक, सुरेन्द्र गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

वडा नं ४ कार्यवहाक वडाध्यक्ष, धावा धोर्जे गुरुङ,वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

कागवेनी प्रहरी प्रमुख,रेख बहादुर थापा, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

योजना शाखा प्रमुख,प्रेम प्रसाद भट्टराई, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

प्रविधिक शाखा प्रमुख,पुस्पराज जोशी, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य

विपद् व्यवस्थापन शाखाको फोकल पर्सन,दिवस सापकोटा, वारागुङ मुक्तिक्षेत्र गा.पा सदस्य सचिव

<u>अन्य उपस्थिति</u>

वरिष्ठ कबिराज निरक्षक,जनार्दन आचार्य, वारागुङ मुक्तिक्षेत्र गा.पा

ERT टोलि संयोजक,अच्युत अधिकारी, नेपाल रेडक्रस सोसाईटि मुस्ताङ जिल्ला शाखा

रिङजीन नामगेल गुरुङ
अध्यक्ष
वारगुङ मुक्तिक्षेत्र गाउँपालिका

निर्णयहरु:

१. यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं.४ कागबेनी स्थित कागखोलामा मिति २०८०/०४/२८ गते एकासि आएको लेदो सहितको विनासकारी बाढीपहिरोले गर्दा आंशिक क्षती भएको गोम्वे ठेरी गुरुङको घर तत्काल नभत्काएमा छिमेकी भिम ब.गुरुङ र कुन्जाङ गुरुङको घरमा समेत क्षती पुऱ्याई थप जोखिम निम्त्याउन सक्ने उच्च सम्भावना भएकोले उक्त घर तत्काल भत्काउनका लागि आवश्यक व्यवस्था मिलाईदिन भनी निज मार्फत यस कार्यालयमा अनुरोध भई आएकोमा स्थानिय विपद् व्यवस्थापन समिति,वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,मुस्ताङको मिति २०८०/०५/०४ को अनुगमनवाट उक्त घर तत्काल भत्काउनु पर्ने अन्याथा थप क्षति पुऱ्याउन सक्ने जोखिम पाईएकोले आंशिक क्षति भएको जोखिमपुर्ण घर भत्काउने निर्णय गरियो।

२. विस्तृत घरधुरी सर्वेक्षण तथा क्षतीको तथ्याङ्क संकलन वाट प्राप्त पूर्ण क्षती भएको १७ घर परिवार तथा बाहिरी जिल्लावाट आई दैनिक ज्याला मजदुर गरि बस्ने वाढिबाट प्रभावित मजदुरहरुलाई आर्थिक सहयोग गरिदिन नेपाल रेडक्रस सोसाईटि मुस्ताङ जिल्ला शाखालाई अनुरोध गर्ने निर्णय गरियो।साथै थप प्रयोजनका लागी गाउँ विपद व्यवस्थापन समिति अन्तर्गत गठित तथ्याङ्क संकलन उप-समिति वाट संकलित तथ्याङ्क उपलब्ध गराउने निर्णय गरियो।

रिङजीन नाम्गेल गुरुङ
अध्यक्ष
बारागुङ मुक्तिक्षेत्र गाउँपालिका